# कर्णाली प्रदेशमा प्रचलित मागल गीतको परिचय र वर्गीकरण

प्राप्त मिति: १८ जुलाई २०२६
स्वीकृति मिति: १३ सेप्टेम्बर २०२६
प्रकाशित मिति: अक्टोबर २०२६

सुरेन्द्रकुमार पोखरेल
उपप्राध्यापक
सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत
spokhrel1970@gmail.com

**सार**

कर्णाली प्रदेश भाषा, लोकसाहित्य संस्कृतिका दृष्टिबाट सम्पन्न प्रदेशका रूपमा रहेको छ । लोकसाहित्य संस्कृतिका अनेक विधा छरिएर रहेका छन् । तिनै लोकसाहित्यका विधामध्ये लोकगीत र लोकगीतअन्तर्गत संस्कार गीत र संस्कार गीत अन्तर्गत मागल गीत पर्दछ । विशेष गरी मङ्गल कार्यमा गाइने भएकाले यसलाई मागल गीत भनिएको हो । संस्कारगतकार्य बाहेक कृषि कार्य निर्माण कार्य साइत गर्दा लगायतका अवसरमा गर्न लागेको कार्य निर्विघ्नतापूर्व सम्पन्न होस् भनी मागल गीत गाइन्छ । नारी वेदका रूपमा रहेको मागल गाउने नारीलाई मङ्ल्यारी भनिन्छ । मागललाई संस्कारका आधारमा ४ प्रकारमा, विषयवस्तुको आधारमा ५ प्रकारमा धर्मका आधारमा २ प्रकारमा आकारका आधारमा २ प्रकारमा र लयका आधारमा ३ प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**प्रमुख शब्दावली** : संस्कार गीत, मागल गीत, भजनका लोकसाहित्य, लोक संस्कृति, सामान्य लोकगीत, विशेष लोकगीत ।

## परिचय

कर्णाली प्रदेश नेपालको इतिहासमा गौरवशाली प्रदेशका रूपमा रहेको छ । भाषा, संस्कृति, साहित्य, कला, धर्म, संस्कार, लोकसाहित्य आदिका दृष्टिबाट निकै सम्पन्न रहेको सन्दर्भ तत्कालीन इतिहासको अध्ययनबाट थाहा हुन्छ । नेपाली भाषाको उद्‌गम थलो पनि कर्णाली प्रदेश नै हो । हुम्लादेखि दैलेख दुल्लुसम्म प्राप्त विभिन्न अभिलेखहरूबाट यस कुराको पुष्टि हुन्छ । भाषासँगै लोकसाहित्य, संस्कृतिका हिसाबले पनि यो प्रदेश निकै सम्पन्न रहेको यहाँ रहेका लोकसाहित्य र संस्कृतिका सामग्रीबाट स्पष्ट हुन्छ । कर्णाली प्रदेशबाट नै नेपाली भाषाको विस्तार पूर्व र पश्चिमतर्फ राज्य विस्तार भएसँगै नेपाली भाषाको विस्तार र विकास हुँदै गएको हो । पूर्वतर्फ भाषाको विस्तार हुने क्रममा नेपाली भाषा नेपालका सम्पूर्ण भूभाग र नेपाल बाहिर दार्जिलिंग, सिक्कीम आसाम, देहरादुन, वर्मा, भुटानसम्म फैलिएको छ । हाल यो नेपाल र भारतबाहेक एसिया, युरोप, अमेरिका लगायतका स्थानमा फैलिदै गएको छ । नेपाली भाषाको उत्पत्तिसँगै नेपाली लोकजीवनमा लोकसाहित्यको पनि जन्म भएको मान्न सकिन्छ । मानिसका हाँसो, खुसी, दुःख, संस्कार अभिव्यक्ति गर्नका लागि तत्कालीन समाजमा लोकसाहित्य र संस्कृतिको उत्पत्ति भएको देखिन्छ । भाषासँगै लोकसाहित्यका विविध विधाको उत्पत्ति भएको देखिन्छ । कर्णाली प्रदेशमा उत्पत्ति भएका लोकसाहित्यका यस्ता विविध विधाहरूको भाषाको विस्तारसँगै विभिन्न

स्थानमा विस्तार भएका छन् । यसबाट नेपाली लोकसाहित्य र लोकसंस्कृतिको उत्पत्ति र विस्तार कर्णाली प्रदेशबाटै भएको कुरा पुष्टि हुन्छ ।

यसरी विकास र विस्तार भएको कर्णालीको लोकसाहित्यका लोक कथा, लोकगीत, लोकगाथा, लोकनाटक, लोक कविता, लोकोक्ति उखान टुक्का लगायतका अनेक विधाहरू समाजमा प्रचलनमा रहेका छन् । लोकसाहित्यका यी विधाहरूमध्ये लोकगीत सर्वाधिक लोकप्रिय विधाका रूपमा देखा पर्दछ । लोकगीतका अनेक भेदमध्ये संस्कार गीत पनि एक भेदका रूपमा देखा पर्दछ । यिनै संस्कार गीतभित्र मागल पर्दछ । पूर्वीय परम्परामा मानवीय जीवनमा अनेक संस्कारहरू छन् । यिनै संस्कार गीतभित्र मागल गीत पर्दछन् । धार्मिक अनुष्ठान, विहे, व्रतबन्ध, शिलान्यास, कृषि कर्म, सामाजिक कर्महरू निर्विघनतापूर्वक सम्पन्न होस् भनी गाइने गीतलाई मागल गीत भनिन्छ । मागल गीत गर्भाधान कार्यदेखि विवाहसम्मका जीवनका विभिन्न कार्यमा गाउने गरिन्छ । मङ्गल कार्यमा गाउने भएकाले यसलाई मागल भनिएको हो । छोरो जन्मदा, छैठी गर्दा, न्वारन गर्दा, अन्नप्राशन गर्दा, व्रतबन्ध विवाहजस्ता संस्कारगत कार्य र कृषि कर्म, घरको निर्माण कार्य, गृह प्रवेश गर्ने, कान छेड्ने, अक्षर चिनाउनेजस्ता मङ्गल कार्यमा यस्ता मागलहरू गाइन्छन् । यी मागलहरूको वर्गीकरण र विश्लेषण यस लेखमा गरिएको छ ।

## उद्देश्य

प्रस्तुत अध्ययनमा उद्देश्यहरू लोकगीतका विधाका रूपमा मागल गीतको परिचय दिनु र कर्णाली प्रदेशका मागल गीतको वर्गीकरण तरिकाको खोजी गर्नु रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । कर्णालीमा प्रचलित मागलको अध्ययनका लागि क्षेत्रकार्यबाट सामग्री सङ्कलन गर्नुपर्ने भए तापित यस लेखमा यस अघि सङ्कलन गरिएका मागलका नमुनालाई आधार मानी अध्ययन गरिएको छ । गुणात्मक ढाँचामा संकलित सामग्रीलाई वर्णनात्मक विवरणात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययन विश्लेषण गरिएको छ ।

## तथ्यांकको व्याख्या तथा विश्लेषण

### लोकगीतको परिचय र परिभाषा

'लोक' र 'गीत' दुई शब्दको मेलबाट लोकगीत शब्द निर्माण भएको छ । लोक भन्नाले सम्पूर्ण जनता जो आधुनिक शिक्षा र शहरी सभ्यताबाट टाढा रही आफ्नै परम्परागत प्रचलन रहेको जमात भन्ने बुझिन्छ । यस किसिमको विशेषता बोकेको जनताको संगीतबद्ध रचना नै लोकगीत हो । (आचार्य, २०६३ : ३५, ३६) । यसमा शब्द र संगीत रहनु अनिवार्य मानिन्छ । लोकगीत लोक समुदायले परम्परागत रूपमा गाउँदै र सुनाउँदै आएको सर्वाधिक प्रिय लोक साहित्यिक विधा हो । लोकगीतमा लोकका सुख, दुःख, खुसी, हाँसो, लोक परिवेश, लोकसभ्यता र लोक विश्वास आदिले स्थान पाएका हुन्छन् । आफ्नै परिवेश आफ्नै लयमा आफैले परम्परादेखि प्रयोगमा ल्याएको हुँदा तथा त्यसको विशिष्ट लयात्मकता जस्ता कारणले लोकगीत लोक समुदायमा सर्वाधिक रुचिको विधा रहिआएको छ (लामिछाने, २०६८ : १२७) ।

लोकगीत एक्लै गाउन र गुनगुनाउन सकिन्छ भने जुहारी वा दोहोरीको रूपमा पनि प्रस्तुत गर्न र नृत्य वा नाट्य रूपमा देखाउन समेत सकिन्छ । यसमा कथा पनि गाभिन सक्ने र गाथा पनि उनिन पनि सक्ने भएकाले यसमा आख्यान वा गीतिमयताको स्वाद पाउन सकिन्छ (पराजुली, २०५७ : ६३) । लोक जीवनका उत्सव, चाडपर्व, कामकाज धेरै कुरा लोकगीतका स्वर लहरीसँगै पूर्ण हुन्छन् । गोठालो जाँदा, ढिकी जाँतो गर्दा, गोठालो जाँदा, घाँस दाउरा गर्दा, चाडपर्व मनाउँदा जस्तो उल्लास र दुःखका कुनै पनि अवस्थामा लोकगीत नभई हुँदैन । लोकगीत गाएर नाचेर लोकले आफ्नो मनलाई आनन्दित तुल्याउँछ । त्यसैले लोक जीवन र लोकगीतका बीचमा घनिष्ट सम्बन्ध रहेको छ । यसमा लोकभावनाको एकोन्मुखता रहने हुँदा छोटो आकारको भई स्मरण गर्न सहज हुन्छ । यसै सहजताको कारण यसले लोकमा विस्तार तथा जनप्रिय स्वरूप पाएको छ ।

विस्तृत व्यापक, सार्वकालिक र लोक समुदायका बीचमा अत्याधिक प्रिय रहेको लोकगीतलाई परिभाषित गर्न सजिलो छैन । समय क्रमसँगै लोकगीतको अध्ययन, व्याख्या, विश्लेषण गर्न विभिन्न विद्वानहरूले परिभाषित गरेका छन् । तीमध्ये प्रमुख परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ । राल्फ.भी. विलियमले लोकगीत नयाँ हुन्छ न पुरानो, लोकगीत त त्यो जंगली वृक्ष जस्तै हो जसक जरा भूतकालको भूँइमा पर भित्रसम्मै गाडिएका हुन्छन् अनि तिनका नयाँ नयाँ हाँगामा निरन्तर हरिया पात लाग्छन् भनी लोकगीतको परिभाषा दिएका छन् भने भ्याक्सिन गोर्कीले लोकगीतलाई लोकगीत मानिसको स्वत : प्रवाहित सिर्जनात्मक शक्तिबाट उत्पन्न भएको हुन्छ, यो अत्यन्त स्वभाविक हुन्छ भनी चिनाउने काम गरेका छन् । यसैगरी पूर्ण प्रकाश नेपाल यात्री ले लोकसाहित्य रूपी पारिजातमा कुसुमित फूलको वरदान भनौँ प्रचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल हो भनी लोकगीतका बारेमा परिचय दिएका छन् भने सत्यमोहन जोशीले लोकगीत भनेको त्यो संगीत वा गीत हो जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले सुख दुःखका अभावमा दया, माया, प्रेमभाव अभिव्यक्त हुँदा स्वयमेव उद्‌गारको रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैली झै सृजना हुन्छन् भनेर लोकगीतलाई चिनाउने काम गरेका छन् ।

यसरी विभिन्न विद्वानहरूले लोकगीतको परिभाषाबाट स्वत : स्फूर्त रूपमा अभिव्यक्त हुने अनुभूति हो, यो लयात्मक र संगीतात्मक हुन्छ । यस्ता लोकगीतमा भाव, विचार, उद्देश्य, लय भाका, गीत र यति, स्थायी अन्तरा र थेगो, भाषा, शैली (कथा पद्धति) आदि लोकगीतका संरचक तत्त्वका रूपमा आउँछन् । नेपाली लोकगीतका मौखिकता, सामुहिकता, परिवर्तनशीलता र गतिशीलता, सरलता, सहजता र स्वच्छन्दता, रचनाकारको अज्ञानता, पुनरावृत्ति, छरितोपन तथा भावको तीव्रता, संगीतात्मकता, लोक तत्त्वको प्रयोग आदि विशेषताहरू रहेका छन् ।

**नेपाली लोकगीतको वर्गीकरण**

नेपाली लोकगीतलाई नेपाली लोकगीतका अध्येताहरूले यस प्रकार वर्गीकरण गरेका छन् (बन्धु, २०५८ : १२८) ।

**सामान्य लोकगीत**

कुनै खास पर्व, ऋतु वा संस्कारको अवसर पर्खनु नपर्ने र महिला मनोरञ्जनका लागि कथिने र गाइने गीतलाई सामान्य लोकगीत भनिन्छ । यस्ता लोकगीतहरू चाडपर्व, संस्कार वा कुनै काम गर्दा पनि गाइन्छन् तर यी संस्कार वा चाडपर्वका होइनन् (बन्धु, २०५८ : १२८) । सामान्य लोकगीतका भेद निम्नानुसार रहेका छन् :

(१) बाह्रमासे, बाह्रमासा (२) घरगीत (३) रोदीघर (४) कौरा (५) शैरली (६) ख्याली (७) भ्याउरे (८) देउडा (९) रसिया (१०) रोइला (११) संगिनी (१२) सेलो (१३) टुङ्ना (१४) हाक्पारे (१५) दोहोरी, जुहारी

**विशेष लोकगीत**

कुनै खास, पर्व, ऋतु, वा संस्कारका अवसरमा मात्र गाइने लोकगीतलाई विशेष लोकगीत भनिन्छ । यस्ता विशेष लोकगीतलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(१) धार्मिक गीत (२) भजन (३) संस्कार गीतहरू (४) पर्व गीतहरू (५) श्रमगीतहरू (लुइटेल र शर्मा, २०६३ : १६९) ।

**संस्कार गीत**

हरेक समाजमा मानिसका गर्भाधानदेखि मृत्युसम्मका अनेक संस्कारहरू विद्यमान हुन्छ । यी संस्कारहरू विभिन्न समुदायले बेग्लाबेग्लै प्रकारले सम्पन्न गर्ने गर्दछन् । यिनै संस्कारहरूमा गाइने गीतलाई संस्कार गीत भनिन्छ (बन्धु, २०५८ : १५४) । संस्कार गीत नेपाली लोकगीतका फाँटमा युगौंदेखि चल्दै आएको छ । संस्कार गीत एक प्रकारले जीवनको पथ प्रदर्शनको अनिवार्य अंग जस्तै भएको छ । संस्कारको मुख्य उद्देश्य विचारको परिस्कार गर्नु र स्वच्छन्दता तथ्य शुद्धतालाई अगाँल्नु हो ( श्रेष्ठ, २०६ : १८७) । यसले परम्परालाई मात्र नलिएर वर्तमानको चेतनात्मक स्थिति र भविष्यको मङ्गलकारी भावनालाई पनि इंगित गरिरहेको हुन्छ । परिस्कारकै निम्ति जीवनमा जन्मदेखि मृत्युपर्यन्त अनेक विधि विधान गरिएका छन् (पराजुली, २०५७ : २२२, २२३) । मन्त्रबाट हुने हुनाले संस्कारका श्रोतहरू प्राय : मङ्गल कर्म विशेषको आरम्भ हुँदा मङ्गलका रूपमा गाइन्छन् । शुभकार्यका आरम्भमा गाइने यस्ता लोकगीतमा कार्य सिद्धिका कामना गर्दै सूर्य, चन्द्र, देवी देउता तथा ब्राह्मण, सौभाग्य शालिनी, दिदी बहिनी, आफन्त बन्धु बान्धव र ढोली दमाई कामीलाई आमन्त्रण गरिन्छ, देवी देवतालाई प्रार्थना गरिन्छ र परिवारका स्त्रीपुरुषका चिरायुको कामना गरिन्छ (लामिछाने, २०७८ : १६७) । संस्कार गीतभित्र राग, अनुराग, संयोग, वियोग, दया, माया, मर्म, पिडा उच्छ्वास, उल्लास, प्रश्वास, शोषण, रोदन, उत्पीडनदेखि उल्लास उमङ्गले जस्ता भाव अभिव्यक्त हुन्छन् । कृष्ण प्रसाद पराजुलीले संस्कार गीतको परिचय मङ्गलाचरण, मागल र मृत्युगीत गरी तीन उपविभाजन गरी दिएका छन् (पराजुली, २०५७ : २१४) र मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले संस्कार गीतलाई मागल, सगुन, फाग, सैटेलो, खाँडो, धमारी र रत्यौली गरी सात प्रकारमा वर्गीकरण गरेका छन् (शर्मा र लुइटेल, २०६३ : ११३) । यसरी लोकगीतको वर्गीकरण गर्दा मागल गीत संस्कार गीतभित्र पर्दछ ।

**मागल गीतको परिचय**

तत्सम शब्द मङ्गलको तत्भव रूप मागल हो (शर्मा, लुइटेल, २०६३ : ११३) । यसलाई महाल, मघाल पनि भनिन्छ । जन्म, छैँठी, न्वारन, चुडाकर्म, ब्रतबन्ध र विवाह जस्ता संस्कारहरूले नेपाली नारीहरूले गाउने एक प्रकारको गीतलाई मागल भनिन्छ । (बन्धु, २०५८ : १५५) । मागल संस्कृत भाषाको मङ्गल शब्दको अपभ्रंस रूपमा नेपालमा प्रचलित शब्द हो । यसको अर्थ भक्ति हुन्छ । शुभकार्यमा गाइने गीतलाई मागल भनिन्छ (तिमिल्सिना, २०७७ : ९५) । शास्त्रीय विधान अनुसार सम्पन्न गरिने षोडश संस्कार, धार्मिक अनुष्ठान कर्म तथा पर्वका अवसरमा साधकले गरेको साधना निर्विघनतापूर्वक सम्पन्न होस् भन्ने अभिप्रायले मागल गाउने गरिन्छ । जन्म, मुण्डन, नामकरण, ब्रतबन्ध, विदाइजस्ता संस्कारगत कार्यमा, गृह निर्माण, गृह प्रवेश, देवस्तुति, धामी पतुर्ने जस्ता देवकार्यमा रोपाइ गर्ने, दाइँ गर्ने, पात टिप्ने, चुलो लगाउने जस्ता कार्यमा र साइत गरी कतै जाँदा शुभेच्छा प्रकट गर्ने क्रममा मागलगीत गाउने गरिन्छ । अन्य कर्म वा पर्वका तुलनामा मागल गीत बढी प्रचलित हुने भएकाले यसलाई संस्कार गीतका कोटिमा रूपमा उपयुक्त देखिएको हो (तिमिल्सिना, २०७७ : ६२) । माङ्गलिक कार्यमा गाइने हुँदा यिनलाई मङ्गल गीत पनि भनिन्छ (पन्त, २०५५ : १) ।

मागल, फाग र सगुन एक अर्काका पर्यायका रूपमा आएका छन् । सुदूरपश्चिम प्रदेशमा मागललाई फाग र सगुन शब्दको प्रयोग गरिएको पाइन्छ । कर्णाली प्रदेशमा यस्त मागल गीतलाई मागल भनिन्छ । फाग, सगुन र मागल मङ्गल सूचक शब्द हुन् । तिनवटै शब्दले समान अर्थ प्रदान गर्दछन् (मल्ल, २०५२ : ५२) । मागल गीत नारीप्रधान गीत हो । यसलाई शुभकार्यमा बाधा नपरोस् अनुनय विनयसाथ गाइन्छ । वैदिक मन्त्र उच्चारण गरी पाठ गर्ने पण्डितका हाराहारीमा मागल गाइने भएकाले मागल गाउने ग्रामीण नारीलाई मागल गीतका पण्डित र मागललाई नारी वेद भनिएको छ । यसैगरी मागल गाउने नारीलाई माङ्गलिनी र मङ्ल्यारी भनिन्छ । मागल संस्कारात्मक, आत्मनिवेदनात्मक वस्तु निर्देशनात्मक आर्शिवादात्मक गरी चार प्रकारका हुन्छन् । साधकको साधना सम्पन्न नहुन्जेलसम्म शास्त्रीय विधानले साधकलाई जहाँनिर जे गर्न निर्देशन गर्दछ, ब्राह्मणबाट सोही बमोजिम ब्राह्मणबाट वैदिक ऋचाहरूको पाठ गरिन्छ भने उपस्थित मङ्ल्यारीहरू भक्तिभावपूर्ण मुद्राका सोही अनुसार मागलको प्रस्तुति गर्दछन् ( तिमिल्सिना, २०७७ : १२०) । यसरी मागल मङ्गल कामनासँग सम्बन्धित रहेको कुरा स्पष्ट हुन्छ ।

**कर्णालीका मागल गीतको वर्गीकरण**

कर्णाली प्रदेशमा मागल गीतहरू विशेष रूपमा प्रचलनमा रहेका छन् । देवकार्य, संस्कार कार्य, निर्माण कार्य, कृषि कार्य, गृहप्रवेश आदि प्रमुख कार्य र यी कार्यका ससाना कर्ममा समेत मागल त्यतिकै महत्त्वका साथ प्रचलनमा रहेका छन् । कर्णाली प्रदेशका विभिन्न स्थानमा मागलबिना कुनै माङ्गलिक कार्यको थालनी नै नहुने अवस्था रहेको छ । पात टिप्ता, टपरी गाँस्ता, चिउरा कुट्ता चुलो लगाउँदा, वली चढाउँदा, भकारी भर्दा, हलसारो गर्दा, तिर्थयात्रा प्रारम्भ गर्दा सामान्य कर्ममा पनि मागल व्यवहारमा आएका छन् । कर्णाली प्रदेशका शहरी इलाकाभन्दा ग्रामीण इलाकामा यस्ता मागल गीतहरू प्रचलनमा रहेको देखिन्छ । कर्णाली प्रदेशमा प्रचलित मागल गीतलाई स्थलगत भ्रमणबाट प्राप्त मागल गीत भन्दा

द्वितीय श्रोतबाट प्राप्त मागल गीतका आधारमा मागल गीतको वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ । कर्णाली प्रदेशमा प्रचलित मागल गीतलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

**संस्कारका आधारमा मागलको वर्गीकरण**

कर्णाली लोकजीवनमा धर्म, संस्कृति र परम्परामा निकै आस्था र विश्वास राखिन्छ । यही आस्था र विश्वासका कारणले कर्णाली वासी आफ्ना सम्पूर्ण संस्कारगत कर्म वैदिक विधिविधान अनुकुल गर्दछन् । हिन्दू धर्ममा संस्कारलाई सोह्र संस्कारका रूपमा निर्धारण गरिएको छ । यी सोह्र संस्कारहरूमध्ये हाम्रो समाजमा सम्पन्न गर्न अनुकुल हुने जन्म संस्कार, मुण्डन, संस्कार, व्रतबन्ध संस्कार र विवाह संस्कार गरी चारवटा मङ्गल कार्य अनिवार्य रूपमा सम्पन्न गरिन्छ । पाँचौ मृत्यु संस्कार मङ्गल कार्य नभएकाले त्यसको पनि आ आफ्नो रीति परम्परा अनुसार सम्पन्न गरे पनि मागलभित्र परेन । कर्णालीका मागल गीतलाई निम्नानुसार वर्गीकरण गरिन्छ ।

**जन्म संस्कार मागल**

घरमा बालक जन्मेपछि गरिने संस्कारलाई जन्म संस्कार भनिन्छ । यसबेला गाइने मागल गीतलाई जन्म संस्कार मागल भनिन्छ । कर्णाली प्रदेशका दैलेख जिल्लामा छोरी जन्मिदा जन्मसंस्कार मागल गाउने चलन छैन । छोरो जन्मदा भव्य रूपमा मागल गाइन्छ । कतिपय स्थान र परिवारमा प्रथम पुत्र जन्मदा मात्र मागल गाइन्छ । मागलका साथै ढुस्को, धमारी, फाग, बालनसमेत गाइन्छ । बालकले जन्मभन्दा पहिले गर्भाधान संस्कार, पुंसवन, संस्कार, सिमन्तोनयन संस्कार आए तापनि कर्णाली प्रदेशमा ती सबै संस्कारलाई जन्मपछि नै गर्ने प्रचलनमा रहेको हुँदा यी सबै जन्मसँग सम्बन्धित संस्कारलाई जन्म संस्कारगत मागलका रूपमा राखी अध्ययन विश्लेषण गरिएको छ । जन्मसंस्कारगत मागलका केही उदाहरणहरू निम्नानुसार रहेका छन् :

**बालक जन्मदाको मागल**

(१)

जै कोखी जन्म्या जोला मालिक
उही कोखी हिराले झल्काउँछ ।
जै कोखी जन्म्या जोला मालिक
उही कोखी सुनले झल्काउँला ।

(२)

**बालक नुहाउँदाको मागल**

कनसिले नुहाइछन् धुवाइछन् ।
कनसिले विया दान ?
जिज्या जिउले नुहाइछन् धुवाइछन्
जेठा बाउजिउले दिया दान ।

यसैगरी छैठी गर्दाको, छैठी दुवारो लगाउँदाको, नामकरणको मागल पनि जन्मसंस्कार मागल अन्तर्गत पर्दछन् ।

**मुण्डन संस्कारगत मागल**

हिन्दू धर्ममा मुण्डन संस्कारको पनि विशिष्ट स्थानमा रहेको छ । यसलाई छेवरकर्म र चूडाकर्म पनि भनिन्छ । यो संस्कार छोराको पहिलो पटक कपाल काट्दा र छोरीको नाक कान छेड्दाको कर्मसँग सम्बन्धित छ । यसरी मुण्डन गर्दा मामा, दिदी बहिनी बोलाइ धर्मशास्त्रले तोके अनुसारको विधिअनुसार यो कर्म सम्पन्न गरिन्छ । वर्तमान समयमा यो प्रकृयामा केही परिवर्तन भएको देखिन्छ । छोराको मुण्डन व्रतबन्धका बेलामा गरिन्छ भने छोरीको नाक, कान छेड्ने काम श्रीपञ्चमीका दिन सामान्य कर्म गरी टुङ्ग्यान्छ । मुण्डन संस्कारमा गाइने मागल गीतका एउटा नमुना यसप्रकार छ :

**केश काट्दाको मागल**

टिपटिप बैनलुऔ केश हाम्रा टिप
ठाँटको भैसली बेनौ, तमी बैना दिउला
केश हाम्रा आज जान लाग्या ।

**नाक कान छेड्दाको मागल**

नाक र लोलना तेरी पराइ धरी
शिर शिरफूल तेरी पराइ धरी ।
मुड र बेटुली तेरी पराइ धरी
नाकका बेचरी तेरी पराइ धरी ।

**व्रतबन्ध संस्कारगत मागल**

व्रतबन्ध शब्दको व्युत्पतिगत अर्थ कुनै व्रतले अथवा नियमले बाँधिनु हो । अर्थात कुनै विशेष विषयलाई मात्रै ग्रहण गरेर अन्य विषयको त्याग गर्नु व्रत हो (पन्थी, २०७३ : ५३) । यज्ञोपवित धारण गर्ने वा जनै लगाउने संस्कारलाई व्रतबन्ध संस्कार भनिन्छ । यो हिन्दू धर्म परम्पराको महत्त्वपूर्ण संस्कार हो । यस अन्तर्गत समावर्तन, चुडोपनयन, वेदारम्भ र यज्ञोपवित धारणको भिन्दाभिन्दै विधिले संस्कार गरिन्छ ( तिमिल्सिना, २०६२ : ९२) । मागलमा पनि भिन्दाभिन्दै गीत गाइन्छ । व्रतबन्धमा विधानसम्मत मागलको प्रयोग भएको हुन्छ ।

व्रतबन्ध संस्कार सम्बन्धी केही मागलको नमुना

**देशान्तर जाँदाको मागल**

देऊ न देऊ जिज्यायजियौ झोली र मेखला भर
गाउँघरकी आमा बैनौ दिइहाल भिख्खु
मेरो बालो देशान्तर जाँदा
मेरो बालो देशान्तर जाँदो ।

**विवाह संस्कारगत मागल**

विवाहोत्सवका दिन दुलाहा र दुलही दुवै पक्षमा आ आफ्नो कर्म बमोजिम मागल गाउने भएकाले दुवै पक्षको सहभागिता हुन्छ । विवाह संस्कार मागलका थुप्रै मागल प्रचलनमा रहेका छन् । अरु संस्कारभन्दा मागलका धेरै प्रकार वा रूपहरू पाइन्छ (तिमिल्सिना, २०६२ : ९३) । छोरी पोइल दिँदाको मागल, लगन हेर्दाको मागल, जग्गे सिँगार्दाको मागल, दुलहीलाई गहना पहिऱ्याउँदाको मागल, दुलही सिँगार्दाको मागल, जन्ती पठाउँदा, आमाले दुधको भारा माग्दाको मागल, भाँवर (जग्गे घुम्ने) को मागल, दुलहीले विदा माग्दाको मागल, दुलही अन्माउँदाको मागल, दुलही विदा गर्दाको मागल, दुलही प्रस्थान गर्दाको मागल, जन्ती फर्किदाको मागल, दुलही बाटोमा विश्राम गर्दाको मागल, जन्ती फिर्ता हुँदाका मागल, चेलीको विदाइको मागल, दुलही ल्याउँदाको मागल, बधुप्रवेशको मागल, धुल्यार्थको मागल, दुलहीलाई सासूले टीका लगाउँदाको मगाल, दुलही ल्याउँदा नन्दले दैलो छेक्दाको मागल, माइत जाँदाको मागलजस्ता विवाह संस्कारका थुप्रै मागल रहेका छन् । विवाह संस्कारको मागलको नमुना :

**डोला सिंगार्दाको मागल**

समुद्रमा बगि आयो रचनाको दाना
छोप बैनौ रचनाको दाना
छोप बैनौ रचनाको दाना
दुलाहाका बाजिउ डोला र महङ्गो सिंगार

**छोरी पोइल दिँदाको मागल**

झल्कन् लाग्या बृहस्पति
टल्कन लाग्या जुन रे ।
बुबु लाग्या पोइल दिन
बुबा बुआ लागिन् रुन रे ।

**विषयवस्तुका आधारमा मागलको वर्गीकरण**

मागल गीतमा समाजमा विद्यमान विभिन्न विषयवस्तु समेटिएका हुन्छन् । मागलमा समाजको विविध पक्ष प्रतिबिम्बित भएको हुन्छ । कर्णाली प्रदेशका मागल गीतमा धार्मिक कार्यका साथै निर्माण कृषि, पर्व आदिको व्यापक वर्णन भएको पाइन्छ । विषयवस्तुका आधारमा मागल गीतलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

**धार्मिक विषयवस्तुसँग सम्बन्धित मागल**

हिन्दू धर्ममा अनेक धार्मिक परम्पराहरू छन् । यस्ता धार्मिक परम्परामा गाइने मागल गीतलाई धार्मिक विषयवस्तुसँग सम्बन्धित मागल भनिन्छ । यज्ञ मण्डप निर्माण गर्दा, रेखी हाल्दा, कलश पूजा गर्दा, जज्ञा सञ्ज्या जगाउँदा, यज्ञभूमि लिप्ता, दीपपूजा गर्दा, कलश पूजा गर्दा जस्ता मागल यस अन्तर्गत पर्दछन् । धार्मिक विषयवस्तुसँग सम्बन्धित एउटा मागलको नमुनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

रेखी हाल्दाको मागल

हालहाल ब्राहम्णौ रेखी हाल

तम्री भ्mोला पैसाले भरौंला ।

हलहाल ब्राह्मणौ रेखी हाल

तम्री भ्mोले पैसाल्ने भरौंला ।

**कृषि कार्यसँग सम्बन्धित मागल**

कृषि कार्य गर्दा मागल गाउँदा बाली राम्रो हुने रोग किरा नलागोस, धेरै फलोस् भन्ने अभिप्रायले धान रोप्ता, काट्दा, दाइँ गर्दा यस्ता मागल गीत गाइन्छ । मागल गीतसँगै रोपाइ गीत, देउडा गीत कर्मगीत आदि गीत पनि गाइन्छ । यसबाट कृषि कर्म राम्रो हुने विश्वास गरिन्छ । कृषि कार्यसँग सम्बन्धित मागलको नमुनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**रोपाइ गर्दाको मागल**

केउ काठ हला मैअ केउ काठ साया ?

साननका हला मैअ फलाँटका साया ।

बाँचिरह्या विचाराइऔं यिनै गडा आया ।

बाँचिरह्या रोपन्यारीऔं यिनै गडा आया ।

**निर्माण कार्यसँग सम्बन्धित मागल**

मुख्य गरी घर निर्माण कार्यमा यस्त मागलको प्रयोग भएको पाइन्छ । शिलापूजादेखि लिएर धुरीध्वजा (ग्रहप्रतिष्ठा) लगाउँदासम्म गरिने विभिन्न कार्यसँग सम्बन्धित मागल कर्णाली प्रदेशमा प्रचलित रहेका छन् (तिमिल्सिना, २०६२ : ९६) । जस्तै

**शिलापूजाको मागल**

ठेकतली टुप्पा पुग्यौ टुप्पा तली ठेक पुग्यौ

फिजाइ हाल धुलौटे र धुलौटो ।

पुजिहालौं पत्थरकी शिला ।

**देवतासँग सम्बन्धित मागल**

कर्णाली प्रदेश शिक्षा र चेतनाका दृष्टिले पछि परेको प्रदेश हो । चेतनाका अभावका कारण यहाँ पैठ देवताका थानमा, धामी पतुर्दा आ आफ्ना कुल देवताको आराधना मागलबाट गरिन्छ । यस्ता मागल हिन्दु धर्मसँग सम्बन्धित र इस्लाम धर्म सम्प्रदायसँग प्रचलित छन् ।

**पञ्चकोशी देवताको मागल**

शिरनामी चक्रबाली को को बस्याका ?

ठिङ्ग्याल देवता भन्छन् हामी बस्याका ।

**अन्य कार्यसँग सम्बन्धित मागल**

कुनै खास विषयवस्तुसँग सम्बन्धित नभई सबै कर्मका साझा मागलका रूपमा रहेका पाइन्छन् । अन्य विषयभित्र नसमेटिएका मागलहरू यस अन्तर्गत पर्दछन् । (तिमिल्सिना, २०६२ : ९२) । चिउरा कुट्दा, पात टिप्दा, बली चढाउँदा र टपरी लगाउँदा गाइने मागललाई यस अन्तर्गत राखिन्छ । जस्तै :

चिउरा कुट्दाको मागल

**जोलाइ र मुसल पाटिलायै ओखल**

हँइरमनि दिदी कुटन्याउरी ।

जोलाइ र मुसल पाटिलयै ओखल

हँइरमनि बैनी कुटन्यारी ।

**धर्मका आधाराम मागलको वर्गीकरण**

कर्णाली प्रदेशमा हिन्दू, बौद्ध, मुस्लिम र इस्लाम धर्मावलम्बीहरू बसोबास गर्दछन् । हिन्दू, मुस्लिम र बौद्ध धर्मावलम्बीहरूका आ आफ्ना धार्मिक परम्परानुसारका कार्यमा मागल गाउने चलन रहेको छ । धर्मका आधारमा मागल दुई प्रकारका रहेका छन् :

**हिन्दू धर्ममा आधारित मागल**

कर्णाली प्रदेशको लोक सांस्कृतिक परम्परा हिन्दू वैदिक शास्त्रनुकुल रहेको छ । संस्कार कर्म, यज्ञादि, अनुष्ठान, निर्माणादि कार्यमा मागलको प्रयोग व्यापक रूपमा भएको पाइन्छ (तिमिल्सिना, २०६२ : ९९) । जस्तै :

देऊ न देऊ बाबुजिउ चाँडो विदा देऊ न

कालीलेक परिजालै रात

देऊ न देऊ बुआजिउ भौती फाँको देऊ न

कालीलेक लागिजाले भोक ।

**इस्लाम धर्ममा आधारित मागल**

कर्णाली प्रदेशका सुर्खेत र दैलेख जिल्लामा केही मुसलमान समुदाय बसोबास गर्दछन् । जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरू आफ्नै इस्लाम धर्मका विधि विधान अनुसार सम्पादन गर्दछन् । हिन्दू धर्मका व्यक्तिहरूको सम्पर्क सम्बन्धले हिन्दू धर्मका भिन्न संस्कार भए पनि केही कुरामा सामाजिक सद्भावको आदानप्रदान भएको छ । हिन्दू धर्मका संस्कारहरू मुस्लिम सम्प्रदायका संस्कारहरूमा गाउनुलाई लिइन्छ । मुस्लिमहरूले एकातिर हिन्दू धर्मका मागलहरूको व्यापक प्रयोग भएको पाइन्छ । अर्कातिर मुस्लिमका आफ्नै मागलहरू पनि प्रचलनमा रहेका छन् ।

जस्तै :

मक्का मदिना बढेबढे मिया

अगाडि तुमारे निसान

एइरौ अगाडि तुमारे निसान ।

**आकारका आधारमा मागलको वर्गीकरण**

कर्णाली प्रदेशका मागल गीत आकारका आधारमा लामो आकार र छोटो आकारका गरी दुई प्रकारका रहेका छन् ।

**लामो आकारका मागल**

अलि लामो आकारको मागललाई लामो आकारका मागल भनिन्छ । पञ्चकोशी देवताको मागल, माइत जाँदाको मागल जस्ता मागल अगाडि लामो आकारका मागल हुन् ।

**छोटो आकारका मागल**

साना दुई तीन हरफदेखि दश हरफसम्मका मागल छोटो आकारका मागल अन्तर्गत पर्दछन् । गृह प्रतिष्ठाको मागल, टपरी लगाउँदाको मागल आदि छोटो आकारका मागल हुन् ।

**लयका आधारमा मागलको वर्गीकरण**

कर्णाली प्रदेशमा प्रचलित मागल गीतहरू अनेक लयका छन् । लयका आधारमा मागललाई लामो घुमाउरो लयका मागल, कम घुमाउरो लयका मागल, चुड्का शैलीको भजन गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ ।

**लामो लयका मागल**

धेरै समय लाग्ने र घुमाउरो लयमा धेरै समय लगाएर गाइने मागललाई लामो लयका मागल भनिन्छ । गाउँघरका खारिएका वृद्ध महिलाहरूले मात्र यस्ता मागल गाउन सक्छन् । रोपाइ गर्दाको मागल लामो लयको मागल हो ।

**कम घुमाउरो लयका मागल**

लामो लयका मागल भन्दा कम तर चुड्काभन्दा बेसी घुमाउरो लयमा गाइने मागललाई कम घुमाउरो मागल भनिन्छ (तिमिल्सिना, २०६२ : १०१) ।

**चुड्का शैलीका मागल**

छोटो लयमा प्रस्तुत गरिने मागललाई चुड्का शैलीको मागल भनिन्छ । यस प्रकारका मागलको लय चुड्का भजनसँग मिल्दोजुल्दो हुन्छ । यस्ता भजन मङ्ल्यारीलाई गाउन सहज र सरल पनि हुन्छ । जस्तै :

झल्कन लाग्या बृहस्पति
टल्कन लाग्या जुन रे
बाबा लाग्या पोइल दिन
आया लागिन कन रे ।

## निष्कर्ष

कर्णाली प्रदेश संस्कृति, भाषा, साहित्य, संस्कृति, कला साहित्य, लोकसाहित्यका हिसाबले विशिष्ट प्रदेशका रूपमा रहेको छ । यो प्रदेश नेपाल भाषा संस्कृतिको भण्डार रहेको छ । कर्णाली प्रदेशबाटै नेपाली भाषा संस्कृतिको विकास पूर्वतिर सर्दै गएको, सर्ने क्रममा केही परिवर्तन देखिएको कुरा प्राप्त सामग्रीबाट स्पष्ट हुन्छ । कर्णाली प्रदेश लोकसाहित्यको भण्डारका रूपमा रहेको छ । लोकसाहित्यका

अनेक विधामा सामग्रीहरू यहाँ छरिएर रहेका छन् । तिनै लोकसाहित्यका सामग्रीमध्ये एउटा सामग्री हो, लोकगीत । लोकले स्वतस्फूर्त रूपमा गाइने लोकको प्रिय गीतलाई लोकगीत भनिन्छ । लोकगीतको एउटा भेदका रूपमा रहेको मागल गीत जन्मदेखि विवाहसम्मका मानवका संस्कार, कृषि कर्म, सामाजिक कर्म, गृह शिलान्यास, गृह निर्माण जस्ता शुभ अवसरमा गाइन्छ । लोकगीतलाई सामान्य र विशेष लोकगीत गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । संस्कार गीत गर्भाधानदेखि मृत्युसम्मका विभिन्न अवसरमा गाइन्छन् । संस्कार गीतभित्रै मागल गीत पनि पर्दछ । शास्त्रीय विधानअनुसार सम्पन्न गरिने षोडश संस्कार, धार्मिक अनुष्ठान कर्म तथा पर्वका अवसरमा साधकले गरेको साधना निर्विघनतापूर्वक सम्पन्न होस् भन्ने अभिप्रायले मागल गीत गाउने गरिन्छ । यसका अतिरिक्त गृह निर्माण, गृह प्रवेश, देवस्तुति, धामी पतुर्ने, रोपाइ गर्दा, पात टिप्ने, चुलो लगाउने जस्ता कार्य, साइत गरी कतै जाँदा शुभेच्छा प्रकट गर्ने क्रममा मागल गीत गाइन्छ । नारीप्रधान मागललाई सुदूरपश्चिममा फाग र सगुन भनिन्छ । मागल गीतलाई नारीवेद र गायिकाहरूलाई मङ्ल्यारी भनिन्छ । मागल गीतलाई संस्कारका आधारमा जन्मसंस्कार मागल, मुण्डन संस्कारगत मागल, व्रतबन्ध संस्कारगत मागल, विवाह संस्कारगत मागल गरी ४ प्रकारमा, विषयवस्तुका आधारमा धार्मिक विषयवस्तुसँग सम्बन्धित मागल कृषि कार्यसँग सम्बन्धित मागल, निर्माणकार्यसँग सम्बन्धित मागल, देवतासँग सम्बन्धित मागल, अन्य कार्यसँग सम्बन्धित मागल गरी पाँच प्रकारमा, धर्मका आधारमा हिन्दू धर्ममा आधारित मागल र इस्लाम धर्ममा आधारित मागल गरी दुई प्रकारमा, आकारका आधारमा लामो आकारको मागल, छोटो आकारको मागल गरी दुई प्रकारमा र लयका आधारमा लामो लयका मागल, कम घुमाउरो लयका मागल र चुड्का शैलीका मागल गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ ।

## सन्दर्भ सूची


आचार्य, गोविन्द (२०६३), *राप्ती लोकसाहित्य,* काठमाडौँ : पैरवी प्रकाशन ।

तिमिल्सिना, नारायणप्रसाद (२०६२), *दैलेखमा प्रचलित मागलको संग्रह वर्गीकरण र विश्लेषण* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

तिमिल्सिना, नारायणप्रसाद (२०७७), *दैलेखी लोकसाहित्य,* दैलेख : दुल्लु नगरपालिका ।

पन्त, जयराज (२०५५), *अँजुलीभरि सगुन पोल्टाभरि फाग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्थी, लक्ष्मीकान्त (२०७३) *हिन्दू संस्कार परिचय र विमर्श,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०५७) *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : विणा प्रकाशन प्रा.लि. ।

बन्धु, चुडामणि (२०५८) *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता प्रकाशन ।

लामिछाने, कपिलदेव (२०७८) *लोकसाहित्य सिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३) *लोकवार्ता विज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तुलसीराम (२०७१), *नेपाली लोकगीत परिचय र विश्लेषण,* काठमाडौँ : नवकला प्रकाशन ।